# कुमाख गाउँपालिका

रागेचौर, सल्यान

कर्णाली प्रदेश, नेपाल

# नीति तथा कार्यक्रम

आ.व.२०८२/०८३

कुमाख गाउँपालिका, सल्यान

"समृद्ध कुमाख, सन्तुष्ट जनता, कुमाखबासीको सदिक्षा"

**यस गरिमामय गाउँ सभाका सदस्यज्यूहरु, कर्मचारीहरु,**
**पत्रकारहरु लगायत यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु,**

कुमाख गाउँपालिकाको बृहत्तर हित र उन्नतिका साथै आर्थिक समृद्धि र सामाजिक सु-व्यवस्थाको खातिर आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेको छु। यसै सन्दर्भमा राष्ट्रियता, लोकतन्त्र, समाजवाद र संघीय लोकतान्त्रिक गणतन्त्रका निम्ति इतिहासको विभिन्न कालखण्डहरुमा जीवन उत्सर्ग गर्नुहुने ज्ञातअज्ञात महान सहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। साथै विभिन्न आन्दोलन र जनआन्दोलनको क्रममा घाइते तथा बेपत्ता हुनुभएका महान योद्धाहरुप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान बमोजिम तीन तहका सरकारहरु मध्ये स्थानीय सरकार सर्वसाधारण नागरिकहरुको नजिकको र सहज पहुँच रहेको घरदैलोको सरकार हो।

नेपालमा संघीयता स्थापना पछिको दोस्रो स्थानीय तह निर्वाचन, २०७९ मार्फत व्यक्त भएको जनभावनाबाट हामी सबै यस गरिमामय सभामा आइपुग्दा हाम्रो सामु अनेकौं अवसर तथा चुनौतीहरु रहेका थिए र छन्। जनभावनाको उच्चतम् कदर गर्दै यस कुमाख गाउँपालिकामा हामीले शान्ति, समृद्धि, सुशासन, पारदर्शिता, सदाचार र अमनचयन कायम गर्दै **"समृद्ध कुमाख, सन्तुष्ट जनता, कुमाखबासीको सदिक्षा"** भन्ने नाराको मुलमर्म पुरा गर्न हामी प्रयत्नशील छौं र त्यो पुरा गर्नुछ।

हामी हाम्रो पाँच वर्षे कार्यकालमा तेस्रो वर्षको कार्यकाल पुरा गरी चौथो वर्षमा प्रवेश गर्ने क्रममा छौं। यस सुवर्ण अवसरको भरपुर सदुपयोग गर्दै सिमित स्रोत साधन र निश्चित समयावधि भित्रै हामीले समग्र गाउँपालिका बासी जनसमुदायका आवश्यकता, इच्छा,आकांक्षा र चाहानाहरुलाई सम्बोधन गरेर सन्तुष्ट पार्नु छ। विश्व मानव समुदाय आज उत्तरआधुनिक युगको चरम भौतिक विकासको उपभोग गर्ने क्रममा छ। हाम्रो सामु यस्तो उत्तराआधुनिक विकासले अझै प्रवेश पाएको छैन। हामी आज पनि जनताका न्यूनतम् आधारभूत आवश्यकता र सामान्य विकासका पूर्वाधारहरु निर्माणकै प्रयासमा छौं। हाल विश्वमा आर्थिक संकट बढ्दै गएकोछ र यसको प्रभाव नेपालमा पनि परिसकेको छ। यस आर्थिक मन्दिको बीचमा न्यून स्रोतले गाउँपालिका बासीका आवश्यकता पुरा गर्न कम चुनौती छैन। यसका अतिरिक्त दाल, चामल, तेल, चिनी तथा तरकारी जस्ता अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरुका साथै शुद्ध पिउने पानी समेतमा हामी परनिर्भर छौं। आधारभुत शिक्षा, स्वास्थ्य, खानेपानी, सडक पूर्वाधार, विद्युत यी र यस्तै विषयहरु नै तपाई हाम्रा चुनौती र हामीले सम्बोधन गर्नुपर्ने जनताका आवश्यकताहरु हुन्। जनताको सेवा गर्दा अर्थात जन समस्या समाधान गर्दा अपनाउनु पर्ने झन्झटिलो प्रक्रिया आर्थिक, भौतिक तथा मानव स्रोत साधनको अभाव तथा परिचालन थप चुनौतीका रुपमा देखा परेका छन्। यिनै चुनौतीहरुको बावजुद तपाईं हामीले दुर्गम गाउँ बस्तीहरुलाई कुमाख गाउँबासीको निम्ती आगामी अवधिमा स्रोत साधन र सुविधाले भरिपुर्ण सुन्दर बस्तीहरुको रुपमा रुपान्तरण गर्नुपर्ने छ। यसका निमित्त हामीले चुनाव लड्दै गर्दा प्रण तथा प्रतिज्ञा गरेर आएका हौं र छौं।

**गाउँ सभाका सदस्यहरु,**

यस कुमाख गाउँपालिकाको समग्र **विकास, समृद्धि र सुशासन**का लागि तपसिलका अवसरहरु रहेका छन् ।

**<u>अवसरहरुः-</u>**

१. कृषिका लागि उत्पादनशील उर्वर भूमिमा सिँचाईको भरपर्दो व्यवस्था गरी खाद्यान्न तथा नगदे बाली उत्पादनमा वृद्धिका साथै व्यावसायिक खेती गर्न सकिने।

२. पशुपालन, पंक्षीपालन, मौरीपालन व्यवसायबाट अर्थोपार्जन गर्न सकिने।

३. वेमौषमी खेती, अर्गानिक खेती तथा फलफुल खेतीका माध्यमबाट आय आर्जन वृद्दि गर्न सकिने ।
४. गाउँपालिकामा उत्पादित वस्तुहरु रागेचौर-सल्ली मार्ग, राप्ती राजमार्ग तथा मध्यपहाडी पुष्पलाल लोकमार्ग हुँदै देशका विभिन्न भागहरुमा लैजान सकिने।
५. कुमाख बृहत खानेपानी आयोजना मार्फत नागरिकको घरदैलोमा खानेपानी सेवा पुर्याउन सकिने।
६. कुमाख लेक, विभिन्न वडाहरुमा रहेका गुफा तथा मन्दिरहरुको प्रचार प्रसार गरी आन्तरिक र बाह्य पर्यटन प्रवर्धन गर्न सकिने।
७. गाउँपालिकाका रमणीय क्षेत्रहरु, साँस्कृतिक विविधता र पहिचानको उपयोग गरी बहुआयामिक पर्यटनको विकास गर्न सकिने।
८. गाउँपालिका क्षेत्रमा विद्यमान श्रोतहरु जल, जंगल, जडिबुटी, नदीजन्य पदार्थ तथा खनिज जस्ता श्रोतहरुलाई विकास कार्यमा उपयोग गर्न सकिने।
९. परिश्रमी स्वभावका जनतालाई उत्पादनसँग जोडी आय आर्जन र रोजगारीका कार्यक्रम सञ्चालन गर्न सकिने।
१०. युवाशक्तिलाई मानवीय पूँजीको रुपमा विकास र परिचालन गरी आर्थिक रुपान्तरणका क्षेत्रमा सहभागी गराउन सकिने।
११. राज्यको पुनर्संरचना पश्चात स्थानीय तहमा उल्लेख्य जिम्मेवारी र वजेट प्रवाह भएको छ, यसलाई उत्साहका साथ सदुपयोग गरी आर्थिक समृद्धिमा थप टेवा पुर्याउने ।
१२. शैक्षिक संस्थाहरुमा सबैको पहुँच सुनिश्चित रहेको वर्तमान परिप्रेक्ष्यमा गुणस्तरीय शिक्षा मार्फत असल, दक्ष, क्षमतावान र सीपयुक्त नागरिक तयार गरी आर्थिक तथा सामाजिक क्षेत्रमा अधिकतम लाभ लिन सकिने ।
१३. न्यायिक समिति र मेलमिलाप केन्द्रबाट समाजमा न्यायिक सु-व्यवस्था कायम गर्न सकिने।
१४. आवधिक योजना, भू-उपयोग योजना र सडक यातायात गुरुयोजना निर्माण गरी लागु गर्न सकिने।
१५. राष्ट्रिय प्रसारण लाइनबाट गाउँपालिकाको सबै वडा/क्षेत्रमा विद्युतको पहुँच बढ्दै गएको र अझै विस्तार गर्न सकिने।
१६. ७० प्रतिशत भन्दा बढी भू-भाग वन-वनस्पतिले ढाँकिएको र गाउँपालिकाको छेउबाट अविरल बग्ने मर्मखोला र भेरी नदीको कारणले वातावरण संरक्षण र पर्यावरणीय सन्तुलनमा सकारात्मक अवस्था रहेको ।
१७. प्राकृतिक सौन्दर्यता तथा जैविक विविधताको दृष्टिले सवल रहेको ।
१८. विद्युतीय शासन पद्धति अन्तर्गत सूचना र प्रविधिको प्रयोग हुँदै गएको।
१९. विकास निर्माणमा जनसहभागितालाई उच्च प्राथमिकता दिइएको।
२०. गाउँपालिकाको संस्थागत क्षमता विकास गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त, सहज र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति दिइएको।

**गाउँ सभाका सदस्यहरु,**

**उपरोक्त अवसरहरुलाई परिणाममा बदल्न तपसिलका चुनौतीहरु पनि सँगै रहेका छन् ।**

**चुनौतीहरुः**

१. आवश्यक श्रोत साधनको अभावमा बढ्दो जन आवश्यकता परिपूर्ति गर्ने ।

कुमाख गाउँपालिका, सल्यान

२. अव्यवस्थित जग्गा विकास र आन्तरिक बसाइसराई जस्ता गतिविधिले कृषि उत्पादनमा आएको ह्रासलाई व्यवस्थित गर्न हामी सवैले सोच्ने बेला आएको छ ।
३. अतिक्रमणको चपेटामा परेको सार्वजनिक जग्गाको नियन्त्रण र संरक्षण गर्ने ।
४. कृषिलाई आधुनिकीकरण र व्यवसायिकरण गर्ने पक्षलाई साकार पार्न परम्परागत कृषि प्रणाली र अपर्याप्त सिँचाई जस्ता विषयहरुको व्यवस्थापन गर्ने ।
५. स्वरोजगार तथा आयआर्जनका कार्यक्रम सञ्चालन गरी गाउँपालिकामा रहेको विद्यमान बेरोजगारीलाई रोजगारीको अवसर सिर्जना गरी श्रम पलायनलाई रोक्ने ।
६. गाउँपालिकाको विद्यमान श्रोतको पहिचान तथा परिचालन मार्फत गाउँपालिकालाई वित्तीय श्रोत साधनबाट आत्मनिर्भर बनाउने ।
७. वन्यजन्तुबाट कृषि बालीमा हुने क्षतिलाई न्यूनीकरण गर्ने ।
८. स्वास्थ्य संस्थाहरुलाई गुणस्तरीय उपकरण, दक्ष जनशक्तिको व्यवस्थापन गर्ने।
९. सम्पूर्ण गाउँपालिकालाई घरेलु हिंसामुक्त घोषणा गर्ने ।
१०. बालमैत्री, अपाङ्गमैत्री भौतिक संरचनाहरुको व्यवस्थापन गर्ने ।
११. हिंसा पिडित तथा वेवारिसेहरुको लागि पुर्नस्थापना केन्द्रको व्यवस्था गर्ने ।
१२. लैङ्गिक, जातीय र धार्मिक विभेदलाई बल पुर्याउने अन्धविश्वास, कु-संस्कार, कु-प्रथा एवं परम्पराबाट समाजलाई मुक्त गर्ने ।
१३. खानेपानी आपूर्ति तथा सरसफाई व्यवस्थापन भरपर्दो बनाउने ।
१४. सडक, नाली निर्माण र भवन निर्माण जस्ता पूर्वाधारहरुमा विद्यमान राष्ट्रिय मापदण्ड प्रणालीलाई अवलम्बन गर्ने।
१५. विकासका साझेदारहरुको सहयोग, समन्वय र राजनैतिक प्रतिवद्धता जस्ता विषयहरुलाई निरन्तरता दिने ।
१६. गाउँपालिकामा बाह्रै महिना चल्ने सडक सञ्जालको विकासबाट कृषि, उद्योग, पर्यटन र उर्जा क्षेत्रको विकास गर्ने ।
१७. विद्युत सेवालाई सर्वसुलभ बनाउने ।
१८. वन क्षेत्रको अतिक्रमण, वन विनास तथा डढेलो नियन्त्रण गर्ने ।
१९. आधुनिक प्रविधियुक्त जनशक्ति विकास मार्फत नागरिकमैत्री सेवा प्रवाह गर्ने ।

**गाउँ सभाका सदस्यहरु,**

अब ढिला नगरिकन समृद्ध कुमाखको सपनालाई साकार पार्न तपाईं हामी सबैजना व्यक्तिगत तथा दलगत स्वार्थबाट माथि उठेर जनसेवामा समर्पित भई लाग्नेछौं भन्ने पूर्ण भरोसाका साथ आगामी आ. व.२०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभामा पेश गर्दछु ।

यस कुमाख गाउँपालिकाको आ. व. २०८२/०८३ मा अवलम्बन गर्ने **मूल नीतिहरु** देहाय बमोजिम रहेका छन् :-

१. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने तथा उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्ने योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।

कुमाख गाउँपालिका, सल्यान

२. गाउँपालिकाबाट कार्यान्वयन हुने भवन निर्माण, सडक निर्माण तथा सडक स्तरोन्नतिमा अनिवार्य ठेक्का मार्फत संचालन गर्ने नीति अवलम्बन गरिनेछ।

३. उत्पादन र उत्पादकत्व बृद्धि, पूर्वाधार निर्माण, खानेपानी तथा विद्युतमा पँहुच, मानव पुँजी निर्माण र रोजगारी सिर्जना, दिगो विकास र पर्यावरणीय सन्तुलन र सुशासनलाई प्राथमिकतामा राखिनेछ ।

४. दिगो विकासका लक्ष्यलाई टेवा पुर्याउने खालका योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखि आगामी वर्षको बजेट विनियोजन गरिनेछ।

५. संविधानले स्थानीय तहमा हस्तान्तरण गरेको अधिकारको सूची भित्र रही वार्षिक, मध्यकालीन, आवधिक र दीर्घकालिन योजना बनाई कार्यक्रम कार्यान्वयन गर्ने नीति लिइनेछ।

६. समावेशी र सहभागितामुलक योजना तर्जुमा पद्धतिको अवलम्बन गर्दै प्राथमिकता प्राप्त योजना तथा कार्यक्रमहरु छनौट र कार्यान्वयनमा जनताको अधिकतम् सहभागिताको नीति लिइनेछ।

७. सुशासन, पारदर्शिता, जवाफदेहिता र जनउत्तरदायी शासन प्रणाली र भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने नीति लिईनेछ ।

८. स्थानीय स्रोत साधन र सीपको अधिकतम् उपयोग गरी नागरिकहरुलाई उद्यमशील र सीपमुलक बनाइ रोजगारीको अधिकतम् अवसर सिर्जना गरि गरिबी न्यूनीकरण गर्ने नीति लिईनेछ ।

९. सरकारी, निजी क्षेत्र, गैर-सरकारी तथा सहकारी क्षेत्रको क्षमता र विषय विज्ञतालाई अधिकतम् उपयोग गरि सहकार्य र साझेदारीमा काम गर्ने नीति लिईनेछ।

१०. गाउँपालिकाबाट सञ्चालन गरिने कार्यक्रमहरु जनताका लागि जनताकै घरदैलोमा देख्न, सुन्न, र अनुभति गर्न सक्ने गरी संचालनमा ल्याइनेछ।

११. गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, व्यापार तथा व्यवसायहरुलाई **दर्ता तथा नवीकरण** गर्न अनिवार्य गरिनेछ।

१२. गाउँपालिका क्षेत्र भित्रको महत्वपूर्ण पर्यटकीय स्थानहरुको पहिचान गरि **विस्तृत परियोजना प्रतिवेदन** (**DPR**) तयार गरिनेछ।

१३. युवाहरुमा सकारात्मक सोचको विकास गरी स्थानीयस्तरका सम्भावना र अवसरहरुप्रति आकर्षित गरिनेछ।

१४. सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी गराउन गाउँपालिका तथा वडा कार्यालयहरुमा आवश्यक Software हरु जडान गरिनेछ।

१५. नागरिक सन्तुष्टिको सर्वेक्षण गरी प्राप्त सुझावका आधारमा सेवाप्रवाहमा सुधार गर्दै लगिनेछ।

१६. वास्तविक कृषकलाई सहजढंगले उत्पादनमा अनुदान उपलब्ध गराउने नीति लिइनेछ र बाँझो जग्गा जमिन उपयोग गरी कृषि पेशा गर्न चाहने किसानलाई प्रोत्साहन गरिनेछ।

१७. वातावरण मैत्री तथा पशुहरुको आहारा उत्पादनका लागि खाली रहेको वन क्षेत्र, सडक र राजमार्गको किनार र बारी काल्नाहरुमा बहुबर्षे तथा एकबर्षे डाले र भुई घाँस, निगाला, बाँस, अजम्बरी, केतुकी, फलफूलका बिरुवाहरु रोप्ने र संरक्षण गरी **हराभरा वातावरण** बनाउने नीति अबलम्वन गरिनेछ।

१८. निजी बाँझो जग्गा, खेतको काल्ना र आली समेतमा दलहन, तरकारी र अन्य स्थानीय बिरुवा लगाउन र कृषि योग्य भूमिको माटो परीक्षण शिविर सञ्चालन गरी माटो उपचारको साथै माटोको प्रकार अनुसार बाली लगाउन कृषकलाई प्राविधिक सेवा सहित प्रोत्साहन गरिनेछ ।

१९. कृषि उत्पादकत्वको वृद्धि गर्न व्याववसायिक तरिकाले अगाडि बढ्ने कृषकलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिने नीतिलाई निरन्तरता दिइनेछ।

२०. एउटै प्रकृतिका सहकारी संस्था दर्ता गर्ने कार्यमा कडाई गरिनेछ भने सहकारीबाट गुणस्तरीय सेवा प्रदान गर्न प्रोत्साहन गरिनुका साथै नियमनमा कडाई गरिनेछ।

२१. कृषि उपजको संकलन तथा बजार व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

२२. **"कृषकसंग स्थानीय सरकार कार्यक्रम"** अन्तर्गत उत्कृष्ट कृषक पुरस्कार वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**गाउँ सभाका सदस्यज्यूहरु,**

अब म **विषयगत क्षेत्रगत** नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न गइरहेको छु ।

**<u>आर्थिक विकास तर्फः</u>**

१. फलफुलमा आत्मनिर्भर गराउन स्थानीयसंगै नयाँ जातहरुको खेतीमा जोड दिदैं व्यावसायिकरुपमा अगाडी बढाउन कार्यक्रम संचालन गरिनेछ ।

२. कृषिमा उत्पादन र उत्पादकत्व बढाउन, नयाँ प्रविधिहरु कृषकसम्म पुर्याउन उत्पादन प्रदर्शनीका कार्यक्रमहरुमा जोड दिईनेछ।

३. कृषि खेतीलाई व्यावसायिक बनाउनका लागि पकेट तथा ब्लक कार्यक्रम मार्फत उच्च मूल्य (High Value) का बाली वस्तुको खेतीमा जोड दिईनेछ ।

४. आधुनिक व्यावसायिक कृषि खेतिको लागि आवश्यक कृषि यान्त्रिकीकरण तथा पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५. कुमाखको चिनारी बनाई ब्राण्डिङ गरिनेछ।

६. कृषकलाई आफ्नै खेतबारीमा समस्या पहिचान गरि समाधान गर्न क्षमता बृद्दि गर्न कृषक पाठशाला र स्थलगत तालिमहरु संचालन गरिनेछ।

७. कृषक अनुदानलाई थप प्रभावकारी र पारदर्शी बनाउन **उत्पादनका आधारमा प्रोत्साहन अनुदान** वितरण गर्ने कार्यलाई निरन्तरता दिइनुका साथै सो विषयलाई नियमन गर्न कानून निर्माण गरिनेछ ।

८. कृषि पर्यावरण र प्रकृति पर्यटनको प्रबर्द्दन गर्नको लागि प्रत्येक वडा कार्यालय, सामुदायिक वन, सार्वजनिक स्थान र बस्ती बस्तीमा बृक्षारोपण गरिनेछ ।

९. ऐतिहासिक ठाउँ तथा पर्यटकीय क्षेत्रहरुको छोटो भिडियो बनाउने र परम्परागत वस्तुहरुको पुस्तकलेखन तथा भिडियो बनाई परम्परागत ज्ञानको संरक्षण र प्रचारप्रसारमा जोड दिइनेछ।

१०. गाउँभित्रका व्यावसायिक कृषकहरुको क्षमता विकासका लागि तालिम तथा अवलोकन भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

११. भौगोलिक अवस्था र पानीको स्रोतको आधारमा उपयुक्त सिँचाई वर्षभरी उपलब्ध गराइनेछ, जसअन्तर्गत साना तथा ठुला सिँचाई पोखरीको निर्माण, सिँचाई कुलो निर्माण र वर्षे पानी संकलन पोखरी (रिचार्ज पोखरी) निर्माण गरिनेछ ।

१२. कृषिजन्य वस्तुहरुको बजारीकरणका लागि प्रमुख बजारहरुमा कृषि बजार स्थापना गरिनेछ।

१३. खाद्यान्न बालीको उत्पादनमा वृद्धि ल्याउनको लागि उन्नत जातका बीउहरुको वितरण गरिनुका साथै च्याउ खेतीलाई प्रबर्द्धन गरिनेछ।

१४. गाउँपालिकामा उत्पादन हुने रैथाने बीलीको संरक्षण तथा प्रवर्द्दन कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

कुमाख गाउँपालिका, सल्यान

१५. मसिना तथा बास्नादार जातका धान खेतीको क्षेत्र विस्तार गर्ने आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१६. विपन्न कृषकहरुका लागि तरकारीको मिनिकिट विउ वितरण कार्यलाई निरन्तरता दिइनेछ।

१७. कृषि प्रोफाइल निर्माण कार्य, किसान सूचीकरण कार्य एवम् मत्स्य पशुपंक्षी अध्यावधिक कार्यलाई निरन्तरता दिइनेछ।

१८. परम्परागत रुपमा पालन गरिरहेका पशुपन्छीपालक किसानहरुलाई व्यावसायिक आधुनिक तथा मर्यादित पेशाको रुपमा संचालनमा ल्याइनेछ ।

१९. गाउँपालिकाको माग अनुसार दुध, अण्डा र मासुमा आत्मनिर्भर बनाइनेछ ।

२०. अनुत्पादक पशुपन्छीहरुलाई कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान प्रविधिद्धारा ५ वर्ष भित्र वर्णशंकर जातका पशुपन्छीहरुको विकास गरिने छ ।

२१. प्रत्येक वडाहरुमा पशुपन्छी पकेट तथा ब्लक क्षेत्रको स्थापना गरिनेछ।

२२. कुमाख गाउँपालिकालाई चाहिने दुधमा आत्मनिर्भर बनाउनको लागि भैंसीपालन कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।

२३. वातावरणमैत्री तथा पशुहरुको आहारा उत्पादनका लागि बहुबर्षे तथा एक वर्षे डाले र भुई घाँस खाली रहेको वन क्षेत्र वरपर लगायत सडक किनारा र खेतबारी काल्नाहरुमा लगाई हराभरा वातावरण वनाउने नीति अबलम्वन गरिनेछ ।

२४. जुनोटिक रोग तथा पशुहरुमा लाग्ने महामारी रोगबाट बचाउन समय अनुसारका खोप तथा उपचार सेवामा सुधार ल्याउने नीति अवलम्बन गरिनेछ ।

२५. परम्परागत रुपमा संचालन भैइरहेका गोठ खोरलाई आधुनिकीकरण तथा सुधारमा जोड दिने नीतिलाइ निरन्तरता दिईनेछ।

२६. बाँझोपन निवारण तथा पशु स्वास्थ्यमा सुधार ल्याउन समय समयमा पशु शिविर संचालन गरिनेछ ।

२७. बजारक्षेत्रमा संचालन रहेका औषधि पसल, फार्महरुको बजार अनुगमन गरी गुणस्तरहीन सामग्री नष्ट गरिने तथा मासु पसललाई समय समयमा गरीने अनुगमनलाई निरन्तरता दिइनेछ ।

२८. गाउँ भित्रका व्यावसायिक कृषकहरुको क्षमता विकासका लागि तालिम तथा भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. उद्यम विकास कार्यक्रम मार्फत वेरोजगार युवायुवती तथा पिछडिएका समुदायमा सीप विकासका तालिमहरु आयोजना गरिनेछ ।

३०. उद्यमशीलता प्रर्वद्धनका लागि युवा उद्यमीहरुलाई सीप तथा प्रविधी हस्तान्तरण गरिनेछ ।

३१. औद्योगिक क्षेत्रको वर्गीकरण गरी उद्यमग्रामको लागि पहल गरिनेछ ।

३२. गाउँ भित्र संचालन भएका उद्योगहरुलाई प्रबर्द्दन तथा प्रोत्साहन गरिनेछ ।

३३. असल उद्यम अभ्यासको अनुसरणलाई जोड दिइनेछ ।

३४. गाउँवासीहरुमा उद्यमशीलताको विकास तथा साना ठुला उद्योग व्यवसाय सञ्चालनमा सहजीकरण गरिनेछ।

३५. गरीवी निवारणका लागि लघू उद्यम विकास कार्यक्रम मार्फत नयाँ लघु उद्यमीहरुको सिर्जना/उत्पादनलाई निरन्तरता दिदै स्थानीय स्रोत साधन र कच्चा पदार्थहरुको प्रयोगमा विशेष जोड दिईनेछ।

कुमाख गाउँपालिका, सल्यान

३६. कुमाख गाउँपालिका भित्र स्थापित सवै प्रकारका सहकारी संस्थाहरुको क्षमता बृद्धि र सहकारी शिक्षामा जोड दिइनेछ ।

३७. एउटै प्रकृतिका सहकारी संस्था दर्ता गर्न कडाइ गर्नुका साथै सहकारीबाट गुणस्तरीय सेवा सर्वसुलभ रुपमा प्रदान गर्न प्रोत्साहन गरिनुका साथै नियमनमा कडाई गरिनेछ ।

३८. कृषि क्षेत्रमा लगानी गर्न इच्छुक सहकारीलाई अनुदानको व्यबस्था गरिनेछ ।

**गाउँ सभाका सदस्यज्यूहरु,**

**<u>सामाजिक विकास तर्फः</u>**

३९. गुणस्तरीय स्वास्थ्य सेवाका लागि सबै वडामा रहेका स्वास्थ्य संस्थाहरुको भौतिक पुर्वाधारमा सुधार साथै समयानुकूल स्तरोन्नति गरि स्रोत साधन सम्पन्न बनाउदै निःशुल्क औषधिहरुको नियमित आपूर्तिको सुनिश्चितता गरिनेछ ।

४०. स्वास्थ्य संस्थाहरुबाट टाढा दुर दराज एवम स्वास्थ्य सेवाको पहुँचबाट टाढाको बस्तीहरुलाई स्वास्थ्यका आधारभुत सेवा प्रदानका लागि सामुदायिक रोमिङ नर्सको व्यवस्था गरि सेवा प्रदान गरिनेछ ।

४१. सबै स्वास्थ्य संस्थाहरुमा आकस्मिक स्वास्थ्य सेवा कार्यक्रम संचालनमा ल्याई गाउँवासीहरुको आकस्मिक स्वास्थ्य सेवाको पहुँचलाई सुनिश्चित गर्न आकस्मिक स्वास्थ्य सेवामा टेवा पुर्याउन एम्बुलेन्स सेवाको उचित व्यवस्था गरिनेछ।

४२. ७ वटै वडाका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रदान गर्दै आएको यातायात प्रोत्साहन सुविधालाई निरन्तरता दिइनेछ ।

४३. महिला स्वास्थ्य स्वयंसेविकाहरुको स्वास्थ्य वीमाको प्रिमियम (Premium) गाउँपालिकाकाले उत्प्रेरणाका रुपमा तिरिने नीति ल्याइनेछ।

४४. राष्ट्रिय स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत स्वास्थ्य वीमाको प्रिमियम गाउँपालिकाको तर्फ बाट व्यवस्थापन गरी गाउँबासी सहिद परिवारहरुको स्वास्थ्य बीमालाई सुनिश्चित गरिनेछ।

४५. सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, शिक्षकहरुलाई राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रममा समावेश गरिनेछ ।

४६. सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्न समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्थालाई प्रभावकारी बनाइने छ ।

४७. गाउँवासीहरुको जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको साथै सचेतना मूलक कार्यक्रमहरु संचालन गरिने छ ।

४८. मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा विस्तार गरी विभिन्न किसिमका प्रबर्दनात्मक, रोकथाम र उपचारात्मक सेवाको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

४९. प्रजनन स्वास्थ्यको कार्यक्रमहरु निरन्तर रुपमा अगाडि बढाउदै लगिनुका साथै मातृ तथा नवशिशु कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

५०. क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रम मार्फत यस गाउँपालिकालाई **क्षयरोग मुक्त पालिका घोषणा** गर्न विभिन्न क्रियाकलाप सञ्चालन गरिनेछ ।

५१. अकस्मात आइपर्ने महामारी नियन्त्रण, रोकथाम एवम् विपद व्यवस्थापन पूर्व तयारीको उचित व्यवस्था मिलाइनेछ ।

कुमाख गाउँपालिका, सल्यान

५२. गाउँपालिकाको सहिद स्मृति अस्पताल शेराडाँडाबाट आधुनिक डायग्नोसिस मेसिन, भिडियो एक्सरे, डिजिटल एक्सरे र उच्च स्तरीय प्रयोगशाला सामग्रीको ब्यवस्था गरी चिकित्सकीय सेवाको सुरुवात गरिनेछ ।

५३. नागरिकको स्वास्थ्यलाई प्रमुख प्राथमिकतामा राखी प्रदेश सरकारको समन्वयमा टेलिमेडिसिन सेवाको सम्भाव्यता अध्ययन गरिनेछ ।

५४. सुनौला हजार दिनका आमाहरुको पोषण सुधारका लागि पोषण प्रबर्द्धनात्मक कार्य गरिनेछ।

५५. औलो, डेंगु लगायतका कीटजन्य रोगहरुको नियन्त्रण गरिने स्वास्थ्यका कार्यक्रमहरु संचालन गरिनेछ ।

**गाउँ सभाका सदस्यज्यूहरु,**

५६. जुनोटिक रोग नियन्त्रण तथा रेबिज रोग विरुद्ध खोपको व्यवस्था गरिनेछ ।

५७. राष्ट्रिय खोप कार्यक्रम अनुसार सबै बालवालिकाहरुलाई पूर्ण खोप लगाई खोप सुनिश्चितताको कार्यलाई निरन्तरता दिइनेछ ।

५८. विद्यालय स्वास्थ्य शिक्षा, किशोर किशोरी कार्यक्रम, विद्यालय किशोरीहरुका लागि आइरन फोलिक एसिड र सबै विद्यार्थीहरुलाई जुकाको औषधीको व्यवस्था गरिनेछ ।

५९. दीर्घरोगीहरुलाई दिइने मासिक रु. ५०००(पाँच हजार) सर्वसुलभ तरिकाले उपलब्ध गराइनेछ ।

६०. आत्महत्या रोकथाम तथा न्यूनीकरण गर्न विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६१. आयुर्वेद सेवालाई विस्तार गरि स्थानीय तहमा भएका जडीबुटी प्रसोधन गर्ने कार्य गरिनेछ ।

६२. सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात मिलाउन शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि, २०८० बमोजिम कार्यन्वयन गरिनेछ।

६३. सवै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा आधारभूत शिक्षाको अवसर सुनिश्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गर्न प्रारम्भिक बालविकास सहजकर्ता र आधारभूत तहका कक्षा १-५ मा गाउँपालिका अनुदान शिक्षक थप गरिनेछ ।

६४. आधारभूत तहका विद्यालयहरुमा ल्यापटप प्रिन्टरको व्यवस्था गरिनेछ।

६५. विद्यार्थीको पठन सीप तथा बानी विकास गर्नाको लागि **पढाई मेला कार्यक्रम** संचालन गरिनेछ।

६६. विद्यालयमा विद्यार्थीको बैज्ञानिक सिकाई, नवप्रवर्तन तथा सिर्जनात्मक क्षमता विकासको लागि विज्ञान सामग्री निर्माण तथा प्रदर्शन कार्यक्रम संचालन गरिनेछ ।

६७. सार्वजनिक विद्यालयमा न्यूनतम पूर्वाधार निर्माण कार्य सम्पन्न गरिनुका साथै विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन कक्षाकोठा निर्माण, जिर्ण कक्षाकोठा पुर्ननिर्माण, सरसफाइयुक्त शौचालय र धारा पुर्ननिर्माणमा जोड दिईनुका साथै गुणात्मक शिक्षा प्रदान गर्नका लागी शिक्षामा आधुनिक नवप्रविधियुक्त भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ।

६८. समयानुकुल पाठ्यक्रम कार्यान्वयनमा सहायता प्रदान गर्न शिक्षकलाई सिर्जनशिल, नवप्रवर्तनशिल आधुनिक सूचना प्रविधिमा निपुण बनाउनका लागि तालिम तथा क्षमता विकास तालिम कार्यक्रमलाई जोड दिईनेछ ।

६९. शिक्षक तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम लागु गरिनेछ ।

७०. विद्यालय निरीक्षण तथा सुपरिवेक्षण कार्यक्रम संचालन गरिनेछ ।

७१. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक कक्षा १-५ परिमार्जन सहित ६-८ सम्म कार्यान्वयनमा ल्याइनेछ ।

७२. आधारभूत तह कक्षा १-५ को शैक्षिक सुधार गर्न बिशेष कार्यक्रम संचालन गरिनेछ।
७३. विद्यालय स्तरीय परीक्षा तथा मुल्याङकनलाई व्यवस्थित गरिनेछ।
७४. विद्यार्थीको ज्ञानसीप तथा क्षमतालाई प्रोत्साहन गर्न अतिरिक्त शैक्षिक क्रियाकलाप संचालन गरिनेछ ।
७५. युवाहरुलाई सक्षम सिर्जनशिल र सीपयुक्त बनाउन छोटा अवधीका तालिमहरु संचालन गरिनेछ ।
७६. खेलकुद क्षेत्रको विकास गर्न सबै विद्यालयमा प्रशिक्षण गर्ने गरी खेल प्रशिक्षक नियुक्त गरिनेछ ।
७७. अति असक्त जेष्ठ नागरिक र पूर्ण अपांग भएका व्यक्तिलाई घरदैलोमा गई बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई निरन्तरता दिईने छ ।
७८. **"दीर्घ जीवन, ईश्वरको वरदान"** भन्ने नाराका साथ ९० वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकलाई जेष्ठ नागरिक दिवसको अवसरमा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।
७९. सामाजिक सुरक्षा भत्ता स्वैच्छाले नलिने व्यक्तिहरुलाई सार्वजनिक रुपमा सम्मानको व्यवस्था मिलाइनेछ ।
८०. बालबिबाह तथा बहुविवाह विरुद्ध जनचेतचना मूलक कार्यक्रम सहित घरदैलो अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
८१. महिला सशक्तिकरण तथा अपांगता भएका व्यक्तिहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम अगाडि बढाइनेछ ।
८२. एकल महिलालाई आत्मनिर्भर बनाउन आयआर्जन सम्बन्धी विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
८३. बाल अधिकार संरक्षण तथा बालबालिकाको नेतृत्व विकासका लागि बाल क्लब र पालिका स्तरिय बालसन्जाल लाई क्रियाशिल बनाइनेछ ।

**गाउँ सभाका सदस्यज्यूहरु,**

८४. महिला, बालबालिका, जेष्ठ नागरीक, अपांग, पिछडिएको वर्ग, दलित, एकल महिला, द्वन्द्ध पिडितको सम्मान, प्रवर्द्धन र सशक्तीकरण गर्न विशेष कार्यक्रम सन्चालन गरिनेछ ।
८५. वडातह सम्म लैंगिक समानता तथा सामाजिक समावेशिकरणलाई विकास प्रक्रियामा मूलप्रबाहीकरण गरिनेछ ।
८६. समन्वयात्मक रुपमा बाल बचाउ कार्यक्रम, वालश्रम निषेध, वाल अधिकार तथा घरेलु हिंसा विरुद्धको कार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
८७. महिला, बालबालिका, अपांग, पिछडिएको वर्ग, दलित, ज्येष्ठ नागरिक ,जनजाती, एकल, द्धन्द्धपीडितको सम्मान, प्रवर्धन र सशक्तिकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
८८. खानेपानी तथा सिचाई प्रयोजनका लागि पालिकाका मुख्य ३ स्थानमा डिप बोरिङको सम्भाब्यता अध्यान गरि आवश्यक कार्य ब्यवस्था गरिनेछ ।
८९. **"एक घर एक धारा अभियान"** अन्तर्गत नयाँ योजना तथा पुराना योजनाहरु मर्मत गरी गाउँ भित्र प्रत्येक घरधुरीमा निजी धारा जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
९०. गाउँ भित्रका विद्यालयहरु, स्वास्थ्य संस्थाहरु र सार्वजनिक संस्थाहरुमा खानेपानी तथा सरसफाई क्षेत्रलाई सुधार गरिनेछ ।
९१. ७ वटै वडामा खानेपानी आयोजनाको मर्मत सम्भारको व्यवस्थापन गरिनेछ ।

९२. नियमित खानेपानी आपूर्ति, मर्मत सम्भार तथा व्यवस्थापन गर्न थप प्राविधिक कर्मचारीको व्यवस्था गरिनेछ ।

९३. ग्रामीण स्तरमा जिर्ण अवस्थामा रहेका खाने पानी योजना र तिनका उपभोक्ता समितिहरुलाई सक्रिय बनाई योजनाहरुलाई चालु गरिनेछ ।

९४. स्वच्छ सफा तथा शुद्ध पानीको गुणस्तर मापन गर्न गाउँपालिका भित्र स्थापना भएको प्रयोगशाला लाई थप ब्यवस्थित गरिनेछ ।

९५. सुस्वा परियोजनासँगको सहकार्यमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रलाई व्यवस्थित गर्ने नीति बनाइने छ र अन्य संघ संस्थाहरु संग साझेदारी गरी काम गरिनेछ ।

९६. स्थानीय तहले संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा समुदाय स्तरमा नै पर्याप्त आय र रोजगारीका अवसरहरू सिर्जना गर्न कार्यक्रमहरू ल्याईनेछ ।

९७. गाउँपालिकाबाट उपलब्ध गराइने श्रम स्वीकृतिलाई व्यापक, भरपर्दो र नागरिक मैत्रि बनाइनेछ ।

**गाउँ सभाका सदस्यहरु,**

**पूर्वाधार विकास तर्फः**

९८. आ.व.२०८१/०८२ मा संचालित क्रमागत आयोजनाहरुलाई भौतिक प्रगतिको आधारमा निरन्तरता दिइनेछ।

९९. गाउँपालिका बाट संचालन हुने **सडक निर्माण तथा स्तरोन्नति सम्बन्धी कार्य अनिवार्य रुपमा ठेक्का प्रणाली मार्फत कार्यान्वयन गर्ने नीति** अवलम्बन गरिनेछ।

१००. गाउँपालिकाबाट निर्माण गर्ने भवनहरु **ठेक्का प्रणाली मार्फत कार्यान्वयन गर्ने नीति** लाई कडाईका साथ लागु गरिनेछ।

१०१. घर नक्सा पास सम्बन्धि कार्यविधि स्वीकृत गरि आवश्यक कार्य गर्न गाउँपालिकामा अमिनको ब्यवस्था गरिनेछ ।

१०२. कुमाख गाउँपालिकामा संघ र प्रदेशबाट बजेट विनियोजन भई सञ्चालन हुने पुर्वाधारको लागि समपुरक कोषको उचित व्यवस्था गर्न विशेष जोड दिईनेछ ।

१०३. गाउँपालिकाका सबै वडाका टोलहरुलाई सडक संजालमा जोड्ने र गाउँपालिका देखि वडा कार्यालयहरु जोड्ने सडकहरु क्रमशः स्तरोन्नती गर्दै लगिनेछ।

१०४. ७ वटै वडाहरुको वडा केन्द्रमा बाह्रै महिना सवारी साधन सहज रुपमा आवागमन गर्न सक्ने गरी उक्त सडकहरुको मर्मतसम्भार तथा स्तरोन्नतीमा जोड दिइनेछ ।

१०५. सबै वडाका कार्यालयका आफ्नै भवन निर्माण गरी सार्वजनिक सेवा प्रवाह गर्नको उचित व्यवस्था मिलाइनेछ।

१०६. कुमाख गाउँपालिकाको सडक गुरुयोजना(MTMP)लाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१०७. गाउँक्षेत्र भित्र विद्युतीकरण गर्न बाँकी रहेका **"सबै वडाका टोल बस्तीमा विद्युतीकरण"** कार्यलाई निरन्तरता दिइनेछ।

१०८. प्रधानमन्त्रीतथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुको गुणस्तरियता वृद्धि गर्नुका साथै नागरिकको अपनत्व श्रृजना हुने निती अवलम्बन गरिनेछ।

कुमाख गाउँपालिका, सल्यान

१०९. मानव वस्ती विकास, सहरी विकास योजना, आवासीय तथा प्रशासनिक भवन निर्माणको लागि आधारभूत भवन निर्माण मापदण्डलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

११०. गाउँपालिकाको प्रशासकीय भवन लाई थप सुरक्षित र व्यवस्थित गर्न बगैचा र थप घेरवार गरिनेछ ।

१११. गाउँपालिकाबाट सञ्चालन हुने विकास आयोजनाको लागी व्यवस्थित प्रणाली उपयोग गरी प्रभावकारी सेवा प्रदान तथा चुस्त अभिलेख व्यवस्थापनमा जोड दिईनेछ।

**गाउँ सभाका सदस्यज्यूहरु,**

**वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

११२. प्राकृतिक प्रकोप तथा विपद ब्यवस्थापनलाई न्यूनीकरण गर्न विपद व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।

११३. फोहोरमैला व्यवस्थापन कार्यक्रमलाई आधुनिक तथा व्यवस्थित गरिनेछ ।

११४. जलवायु परिवर्तनको असरले लोप हुँदै गएका, अतिक्रमणमा परेका, प्राथामिकतामा नपरेका सामुदायिक रिचार्ज पोखरीलाई सामुदायिक बन उपभोक्ता समितिहरुको सहकार्यमा निर्माण, पुनःनिर्माण, संरक्षण र पुनर्स्थापना गरिनेछ ।

११५. गाउँपालिकाभित्र रहेको सार्वजनिक जग्गा वा अतिक्रमण गरिएका सार्वजनिक जग्गाहरुको लगत संकलन गरी वृक्षारोपण कार्य मार्फत जग्गाहरुको उचित व्यबस्थापन गरिनेछ।

११६. दिगो वन संरक्षण र व्यवस्थापनलाई प्रभावकारी बनाउने र वन सुशासन कायम गरिनेछ ।

११७. सडक, नदी, किनारा, सार्वजनिक स्थान र प्रत्येक निजी घरधनीले वार्षिक रुपमा कम्तीमा एक विरुवारोपण कार्यलाई प्रवर्द्धन गर्दै **"कुमाख हरियाली कार्यक्रम"** अन्तर्गत बाह्रै महिना विभिन्न बस्तीहरुमा हरियाली छाउन डालेघास, फलफुलका विरुवाहरुको वृक्षारोपण कार्यमा जोड दिईनेछ।

**गाउँ सभाका सदस्यज्यूहरु,**

**सार्वजनिक सेवा र सुशासन तर्फः**

११८. कुमाख गाउँपालिकाको लिजा (Local Government Self-Assessment LISA) मा लेखीएका कमजोर र सबल पक्षको पहिचान गर्दै कार्ययोजना निर्माण गरी संस्थागत सुधारलाई निरन्तरता दिइनेछ ।

११९. विषयगत कार्ययोजनाको आधारमा कर्मचारीको संस्थागत क्षमता अभिबृद्धिका लागि तालिम,अवलोकन भ्रमण गराउने व्यवस्था मिलाइने छ ।

१२०. डिजिटल कुमाख अभियान अन्तरगत आधुनिक सूचना तथा प्रविधिको अबलम्वन गरी सेवाग्राहीमैत्री सार्वजनिक सेवाप्रवाह मार्फत आमजनतालाई सुसुचित गर्न विशेष कार्यक्रमको ब्यवस्था गरिनेछ ।

१२१. कर्मचारीहरुले कार्यालय समय बाहेक अतिरिक्त समयमा काम गरेवापत प्रोत्साहन र उत्कृष्ट काम गर्ने कर्मचारीहरुलाई प्रोत्साहन बापत उचित पुरस्कारको व्यवस्था गरिनेछ।

१२२. गाउँपालिकाको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा विशेष योगदान पुऱ्याउने व्यक्तित्वहरुलाइ सम्मान र पुरस्कृत गर्ने नितिलाइ महत्व दिइनेछ ।

१२३. कर्मचारीहरुको सेवाको वृति विकासको लागि पालिकामा एक कर्मचारी कल्याण कोषको व्यबस्था गरिनेछ।

कुमाख गाउँपालिका, सल्यान

१२४. कर्मचारीहरुको मनोबललाई उच्च बनाई थप उत्प्रेरित गर्न अवलोकन भ्रमणलाई उपलब्धिमूलक बनाउन कर्मचारीहरुलाई सेवासुविधा सहित पर्यटन काजको व्यवस्था मिलाईनेछ।

१२५. गाउँपालिकाको क्षेत्राधिकार भित्र क्रियाशिल गैरसरकारी संघसंस्थाको कार्यक्रमलाई प्रभावकारी बनाउन अनिवार्य रुपमा गाउँपालिकाको बजेट सिमाभित्र समावेश गर्ने नीति अबलम्वन गरिनेछ।

१२६. स्थानीय तहमा स्थानीय निकायबाट समायोजन भएर आएका कर्मचारीहरुको बृत्ति विकास लगायत अन्य सेवा सुविधाको लागि कर्मचारी कल्याण कोषमा आवश्यक रकमको व्यवस्था गरिनेछ ।

१२७. स्थानीय तहको विवाद स्थानीय तहमा नै छलफल, वार्ता आदि तवरले आपसी समझदारी र मेलमिलाप विधि बाट न्यायका मान्य सिद्धान्तको अधिनमा रही गाउँपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र पहुँचयोग्य एवम् विश्वसनीय बनाइनेछ।

१२८. न्यायिक समितिको काममा चुस्त, दुरुस्तता, गुणस्तर तथा गोपनियता ल्याउनको लागि व्यवस्थित इजलासको निर्माण तथा न्यायीक मामिला व्यवस्थापन प्रणालीको सुरुवात गरिनेछ ।

१२९. न्याय सम्पादन प्रभावकारी तथा गुणस्तरीय बनाउनको लागि क्षमता अभिबृद्दी कार्यक्रमको व्यवस्था गरिनेछ ।

१३०. गाउँपालिकास्तरमा नगर प्रहरीको परिचालन गर्न नगर प्रहरी ऐन पारित गरि नगर प्रहरी मार्फत गाउँपालिकामा उचित सुरक्षा प्रबन्ध, राजश्व चुहावट नियमन, बजार व्यवस्थापन, फोहरमैला व्यवस्थापन, विपद व्यवस्थापन तथा आवश्यक सहायता कार्यक्रम अन्य सुरक्षा निकायसँगको समन्वयमा कार्यान्वयन गरिनेछ ।

१३१. करार सेवामा रहेका कर्मचारीहरुको सुविधा वृद्घि, क्षमता वृद्दी र तलब बृद्दी गर्ने निती लिईनेछ ।

१३२. सुचनाको हक कार्यान्वयनका सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक सन्तुष्टी सर्वेक्षण तथा बहिर्गमन अभिमत जस्ता सुशासन प्रवर्द्धनका औजारहरुको प्रयोगलाई निरन्तरता दिइनेछ।

१३३. गाउँपालिका स्थापना दिवसलाई गाउँबासीको उत्सवको रुपमा मनाइनेछ ।

१३४. बेरुजु फर्छ्यौट, पेश्की फर्छ्यौट जस्ता विषयहरुलाई गम्भिरताका साथ अगाडी बढाइनेछ।

१३५. गाउँपालिकाले प्रदान गर्ने सेवामा First come First Service को नितिलाई अवलम्बन गरिनेछ ।

१३६. करदाता शिक्षा, राजश्व शिविर सञ्चालन तथा बजार अनुगमन कार्यलाइ नियमित रुपमा सञ्चालन गरिनेछ ।

१३७. जनप्रतिनिधि तथा कर्मचारीहरुको वैदेशिक भ्रमण काजबाट पालिकालाई संस्थागत रुपमा फाइदा हुने कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ।

**गाउँ सभाका सदस्यज्यूहरु,**

१३८. गाउँवासीको सूचनाको हक सुनिश्चित गर्दै कुमाख गाउँपालिकालाई कर्णाली प्रदेशमै पहिलो सूचनामैत्री पालिका बनाउने उद्देश्यले मूख्य स्थानहरुमा स्थान जानकारी पाटी Location Information Board तथा GIS Map को व्यवस्था गरिनेछ ।

१३९. सबै वडा र गाउँपालिका क्षेत्रभित्र ईन्टरनेट सेवालाई प्रभावकारी वनाइनेछ ।

१४०. कार्यालयमा डिजिटल प्रविधिको प्रयोग गरी सबैले देख्ने गरी **डिजिटल नागरिक वडापत्र** (**Digital Citizen Charter**) व्यवस्था गरिनेछ।

१४१. स्थानीय पत्रपत्रिका र आमसञ्चारका माध्यमहरुको सहकार्यमा सचेतनामुलक सामग्री प्रकाशन र प्रसारणमा जोड दिइनेछ।

कुमाख गाउँपालिका, सल्यान

१४२. गाउँवासीलाइ अधिकतम सूचना दिने ध्येयका साथ जडान गरीएको टोल फ्रि नं लाइ निरन्तरता दिइनेछ ।

१४३. आन्तरिक राजश्व संकलनलाई प्रभावकारी बनाई आत्मनिर्भर गाउँपालिका बनाउनतर्फ उन्मुख हुंदै करको दायरा फराकिलो बनाइने र कर प्रणालीलाई व्यवस्थित बनाउन Digital Tax Policyअवलम्वन गरिनेछ ।

१४४. राजश्व सम्बन्धी जनचेतना अभिवृद्धिको लागि स्थानीय संञ्चार माध्यम र व्यापक प्रचार प्रसार गरिनुका साथै सूचना तथा होडिङ्ग बोर्डको व्यवस्था मिलाइनेछ ।

१४५. आन्तरिक राजस्वका स्रोत पहिचान, आन्तरिक राजस्व अनुगमन, मूल्यांकन तथा संकलन प्रणालीलाई व्यवस्थित गराउन राजश्व परामर्श समितीको क्षमता अभिवृद्वी सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

१४६. समयमै कर तिर्ने करदाता, बढी कर तिर्ने करदाता र राजश्व बढाउन सहयोग गर्ने करदातालाई सम्मान गर्ने नीति अंगीकार गरिनेछ ।

१४७. नदिजन्य पदार्थहरु (ढुङ्गा, बालुवा, गिट्टी)को उत्खनन् कार्यलाई न्यूनीकरण गर्दै तटबन्धनको व्यबस्थापन र प्राकृतिक स्रोतको कानुन बमोजिम संकलन गर्ने कार्यलाई व्यवस्थित रुपमा संचालन गरी नियमित रुपमा अनुगमन गरिनेछ ।

**गाउँ सभाका सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रमले **"समृद्ध कुमाख, सन्तुष्ट जनता, कुमाखबासीको सदिक्षा"** भन्ने नारालाई व्यवहारमा उतार्न विकासका प्राथमिकता र बजेट तर्जुमाको आधारलाई प्रस्तुत गरेको छ भन्ने विश्वास लिएको छु । यसको कार्यान्वयनका लागि प्राप्त हुने रचनात्मक सुझावहरुलाई मार्गदर्शनको रुपमा लिई सबैको साझा प्रयास, समन्वय, सहकार्य र अपनत्व बोधबाट प्रस्तुत नीति तथा कार्यक्रम कुमाखको विकासमा कोशेढुंगा सावित हुनेछ भन्ने आशा र विश्वास छ । कुमाख गाउँपालिकाको समग्र विकासको आधार तय गर्ने यो नीति तथा कार्यक्रम तयार गर्दा सद्भाव र सल्लाह सुझाव दिनुहुने गाउँपालिका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षहरु, सभा सदस्यहरु, विषयगत समितिहरु, विभिन्न राजनीतिक दलहरु, राष्ट्रसेवक कर्मचारीहरु, श्री विकास साझेदारहरु (गैर सरकारी संघ/संस्था, सहकारी संस्था, सामुदायिक तथा सामाजिक संघ/संस्था, क्लव, उपभोक्ता समिति/समूह/सञ्जालहरु) नीजि क्षेत्र, प्राज्ञिक क्षेत्र, संचारकर्मी, नागरिक समाज, अग्रज व्यक्तित्वहरु लगायत आम गाउँपालिका बासीहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । धन्यवाद !

कुमाख गाउँपालिका, प्युठान